संघीय संसद

राष्ट्रिय सभा

सत्रौं अधिवेशन

बैठक-१२

सूचनापत्र-२

(बैठकको कामकारबाहीको सङ्क्षिप्त विवरण)

*बैठक प्रारम्भ : १:१७ बजे*
*बैठक स्थगित : ३:१० बजे*

२०८१ फागुन २५ गते, आइतवार

---

संघीय संसद, राष्ट्रिय सभाको सत्रौं अधिवेशनको बाह्रौं बैठक सम्माननीय अध्यक्ष नारायण प्रसाद दाहालको अध्यक्षतामा अपराहन १:१७ बजे प्रारम्भ भयो।

सर्वप्रथम, सम्माननीय अध्यक्षले शून्य समयमा बोल्नका लागि माननीय सदस्यहरूको नाम प्राप्त भएको जानकारी गराउनुहुँदै देहायबमोजिमका माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुभयो:

**माननीय सदस्य उदय बहादुर बोहराले** नेपालको बिभिन्न ठाउँमा लोकतन्त्रमाथी प्रहार गर्दै आन्दोलन भएको बताउँदै यस सम्बन्धमा गम्भिर हुन सरकारको ध्यानाकर्षण गराउनुभयो।

**माननीय सदस्य गोमा देवी तिमल्सिनाले** उदयपुर सिमेन्ट उद्योग कार्यकारी विहिन भएको बताउँदै तुरुन्त उद्योग सञ्चालन गर्ने वातावरण निर्माण गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो।

**माननीय सदस्य तुल प्रसाद विश्वकर्माले** दलितहरू माथि दिन प्रतिदिन हत्या, हिंसा, बलात्कारका घटना बढेको बताउँदै पीडितहरूलाई न्याय दिलाउन तथा क्षतिपुर्ति उपलब्ध गराउन सरकारको ध्यानाकर्षण गराउनु भयो।

**माननीय सदस्य दुर्गा गुरुङले** बर्दिया राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रमा बसोबास गर्ने जनता जङ्गली जनावरको त्रासमा रहनुपरेको बताउँदै यस सम्बन्धमा सरकारको ध्यानाकर्षण गराउनुभयो।

**माननीय सदस्य नारायण दत्त मिश्रले** शिक्षकहरू आन्दोलनमा रहेको बताउँदै माग सम्बोधन गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो।

**माननीय सदस्य भुवन बहादुर सुनारले** सरकारले सदनलाई बेवास्ता गरेर कार्य गरिरहेको जिकिर गर्नुभयो।

**माननीय सदस्य मदन कुमारी शाह (गरिमा)ले** नेपाली महिलाहरूको हकहितको लागि जीवन आहुती दिनुहुने महान महिलाहरूको सम्मान गर्दै अर्न्तराष्ट्रिय महिला दिवसको शुभकामना दिनुभयो।

**माननीय सदस्य मोहम्मद खालिदले** जनकपुरबाट काठमाडौं आएको बुद्ध एयरको जहाजमा पाङ्ग्रा छुटेको विषय बताउँदै सरोकारवालाले अब यस्ता घटना गम्भीरताका साथ नदोहोरिने ब्यवस्था मिलाउन आग्रह गर्नुभयो।

**माननीय सदस्य युवराज शर्माले** संविधानवादी राजनीतिक दलहरू बिच सहमतिको अधिकतम प्रयासको अपेक्षा गर्नुभयो।

**माननीय सदस्य राजेन्द्र लक्ष्मी गैरेले** शिक्षकहरू आन्दोलनमा रहेको बताउँदै माग सम्बोधन गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो।

**माननीय सदस्य सुरेश कुमार आलेमगरले** पुरुषवादी संरचना अझै यथावत रहेको बताउँदै महिला मुक्तिको आवश्यकता रहेको जिकिर गर्नुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले शून्य समयमा माननीय सदस्यले बोल्ने क्रम समाप्त भएको जानकारी गराउँदै  विशेष समयमा बोल्नका लागि दलीय आधारमा देहाय बमोजिमका माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुभयोः

**माननीय सदस्य कमला पन्तले** राज्यको हरेक संरचनामा महिलाहरूको उपस्थिति उल्लेख्यरूपमा बढ्दै गएता पनि हाम्रो समाजमा महिला र महिलासँग सम्बन्धित हिंसा तथा अन्यायका घटनाहरू दिन प्रतिदिन बढ्दै गएको बताउँदै बलियो कानुनी संरचना बनाई व्यबहारीक रुपमा लागू गर्न गम्भिर भएर छलफल गर्नु पर्ने जिकिर गर्नुभयो।

**माननीय सदस्य जग प्रसाद शर्माले** बिभिन्न प्रकृतिका आन्दोलनहरू दिन प्रतिदिन भैरहेको तथा संविधान बिरोधी गतिबिधि बढेको बताउँदै प्रतिपक्षसँग सल्लाह गरेर गणतन्त्रलाई मज्बुत बनाउन सरकारको ध्यानाकर्षण गराउनुभयो।

**माननीय सदस्य जयन्ती देवी राईले** हाम्रो समाजमा महिला र महिलासँग सम्बन्धित हिंसा तथा अन्यायका घटनाहरू दिन प्रतिदिन बढ्दै गएको बताउँदै यस्ता समस्या समाधान गर्न गम्भीरताका साथ लाग्न सरकारको ध्यानाकर्षण गराउनुभयो।

**माननीय सदस्य मोहम्मद खालिदले** लामो समयको परिश्रम र बलिदानीवाट प्राप्त भएको संघीय लोकतान्त्रीक गणतन्त्र धरापमा परेको बताउँदै यसको संरक्षणको लागि सरकारको ध्यानाकर्षण गराउनुभयो। साथै धनुषा र सिराहालाई जोड्ने कमाला पुलको बिषयमा सरकारको धारणा माग गर्नुभयो।

**माननीय सदस्य शेखर कुमार सिंहले** सप्तरी जिल्लाको पुर्बी क्षेत्रमा जंगली जनाबरको आतङ्कले कृषकहरुले शास्ती खेप्नु परेको बताउँदै यो समस्याको समाधान गर्न बन मन्त्रालयको ध्यानाकर्षण गराउनुभयो।

**माननीय सदस्य तुल प्रसाद विश्वकर्माले** नेपाली जनताले रगत र पसिना बगाएर ल्याएको संघीय लोकतान्त्रिक गणतन्त्र माथि धावा बोल्नेको भिड बढेको बताउँदै यस सम्बन्धमा सरकारलाई सचेत रहन आग्रह गर्नुभयो।

**माननीय सदस्य श्रीकृष्ण प्रसाद अधिकारीले** कुलमान घिसिङलाई हटाउन सरकार हात धोएर लागेको बताउँदै यस सम्बन्धमा सरकारको धारणा माग गर्नुभयो।

**माननीय सदस्य दुर्गा गुरुङले** आदिवासी जनजातीको सम्बन्धमा संविधानले गरेको ब्यवस्था ब्यबहारमा लागू नभएको बताउँदै समान अधिकार स्थापीत गराई राष्ट्र निर्माणमा समान सहभागीता गराउन सरकारको ध्यानाकर्षण गाराउनु भयो। साथै विराटनगर रंगशाला निर्माणको कार्य अलपत्र भएको बताउँदै सोको निर्माणको आवश्यक व्यवस्था मिलाउन सरकारको ध्यानाकर्षण गराउनुभयो।

**माननीय सदस्य सुरेश कुमार आलेमगरले** कुलमान घिसिङले के अपराध गरेका छन् र नेपाल सरकार हात धोएर पछि लागेको हो भनेर प्रश्न गर्दै नेपालमा प्रतिगामी तत्वहरु सलबलाएको जिकिर गर्नुभयो। साथै यस सम्बन्धमा गम्भिर भएर सदनलाई जानकारी गराउन सरकारको ध्यानाकर्षण गराउनुभयो।

**माननीय सदस्य इन्दिरा देवी गौतमले** नेपाली समाज सङ्क्रमणकालीन अवस्थाबाट गुज्रीरहेको बताउँदै "समृद्ध नेपाल सुखी नेपाली" को दिर्घकालीन सङ्कल्पलाई आत्मसात गर्दै अगाडी बढ्न सबैले हातेमालो गर्नु पर्ने जिकिर गर्नुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले विशेष समयमा माननीय सदस्यले बोल्ने क्रम समाप्त भएको जानकारी गराउनुहुँदै देहायको ध्यानाकर्षण गर्नुभयो:- "११५ औं अन्तर्राष्ट्रिय महिला दिवसको सन्दर्भमा शुन्य समय र विशेष समयमा माननीय सदस्यहरूले आफ्ना भनाई राख्ने क्रममा उठाउनु भएका महिला र वालवालिका हिंसा, बलात्कार, हत्या लगायतका विषय, शिक्षकहरूको आन्दोलन, स्वर्गद्वारी गुठीका समस्या, दलित, आदिवासी जनजाती र किसानका समस्या एव् सुशासन, सेवा प्रवाह लगायतका समसामयिक विषयमा गम्भिरतापूर्वक ध्यान आकर्षण गराउँदै राष्ट्रिय सभाको नियमावलीले तोकेको समय अवधिभित्र सभामा आई जवाफ दिन नेपाल सरकार र सम्बन्धित मन्त्रीहरूलाई आग्रह गर्दछु।"

त्यसपछि, सम्माननीय अध्यक्षले सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीको तर्फबाट माननीय उपप्रधानमन्त्री एवं अर्थ मन्त्री विष्णुप्रसाद पौडेललाई **"राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको आर्थिक वर्ष २०८०/८१ को वार्षिक प्रतिवेदन "** सभा समक्ष पेस गर्न समय उपलब्ध गराउनुहुँदा माननीय मन्त्रीले उक्त प्रतिवेदन सभा समक्ष पेस गर्नुभयो।

तदनन्तर, सम्माननीय अध्यक्षले राष्ट्रिय सभाको अर्को बैठक **२०८१ साल चैत ४ गते सोमबार अपराह्न १ बजेर १५ मिनेट**मा बस्ने गरी बैठक स्थगित भएको जानकारी गराउनुभयो।

(पद्मप्रसाद पाण्डेय)

महासचिव